नेपाल सरकार

# ऊर्जा मन्त्रालय

मा. जनार्दन शर्मा (प्रभाकर)
*ऊर्जा मन्त्री*

निजी सचिवालय
*सिंहदरबार, काठमाडौं*

*पत्र संख्याः*
*चलानी नं.ः*

## भूमिका

नेपालको प्राकृतिक स्रोत मध्ये महत्वपूर्ण स्रोत तथा तुलनात्मक लाभ भएको क्षेत्र पानी हो । पानीको सहि उपयोगबाट मात्र नेपाल र नेपालीको सम्वृद्धी सम्भव छ । नेपालमा ऊर्जा उत्पादनका लागि वार्षिक करिव १७५ अरव घनमिटर पानी उपलब्ध छ र त्यसबाट करिव ४२ हजार मे.वा. ऊर्जा कम लागतमा उत्पादन गर्न सम्भव छ । यसरी उत्पादित ऊर्जालाई स्वदेश भित्र नै खपत गर्ने र बढी भएको ऊर्जालाई मात्र निर्यातको लागि पहल गर्ने उद्देश्य लिएको छ । ऊर्जा विकासको लागि एकातर्फ विदेशी लगानीलाई आकर्षित गर्ने वातावरण बनाइनेछ भने अर्कोतर्फ स्वदेशकै पूँजी परिचालनको लागि "सार्वजनिक, निजि, सामुदायिक साझेदारी (Public, Private, People, Partnership-4p) को अवधारणा तयार गरिएको छ ।

राष्ट्रिय उर्जा सङ्कट निवारण कार्ययोजना कार्यन्वयन गर्न ऊर्जा उत्पादन र वितरणमा हाल मुख्य समस्याको रुपमा देखा परेको विद्युत प्रसारण लाइन निर्माणलाई प्राथमिकताका साथ अगाडी बढाइनेछ । समग्र ऊर्जा विकास, प्रसारण र वितरणको लागि दुर्त गतिमा काम अगाडी बढाउन हाल भइरहेका संरचना विद्युत विकास विभाग, नेपाल विद्युत प्राधिकरण, जलविद्युत लगानी तथा विकास कम्पनीलाई अझै शसक्त बनाइने र यसको अलावा ऊर्जा मन्त्रालय अर्न्तगत उत्पादन, प्रसारण, इन्जिनियरिङ्ग र व्यापार कम्पनि खडा गरी ऊर्जा विकासमा फड्को मार्ने कोसिस गरिएको छ । उपरोक्त कम्पनी मार्फत देशमा छरिएर रहेको पूँजीको परिचालन र वैदेशिक लगानीलाई आकर्षण गर्ने वातावरण तयार गरिनेछ । विशेष गरी उत्पादन कम्पनीमा नेपाली जनताको श्रम र श्रोतलाई अधिकतम रुपमा प्रयोग गरी बढीभन्दा बढी उत्पादनशील बनाउन **"नेपालको पानी, जनताको लगानी"** कार्यक्रम

नेपाल सरकार

# ऊर्जा मन्त्रालय

**मा. जनार्दन शर्मा (प्रभाकर)**
*ऊर्जा मन्त्री*

**निजी सचिवालय**
*सिंहदरबार, काठमाडौं*

*पत्र संख्याः*
*चलानी नं.ः*

अर्न्तगत आम जनसमुदाय, विदेशमा रहेका नेपालीहरु, कर्मचारी, नेपाली सेना, नेपाल प्रहरी तथा सशस्त्र प्रहरी, विभिन्न सामुदायिक संस्था लगायत सम्पूर्ण क्षेत्रमा रहेको श्रोतलाई केन्द्रित गरी जलस्रोतको विकास मार्फत जनता र राष्ट्रलाई आत्मनिर्भर बनाउने अभियानको सुरुवात गरिएको छ। अति विपन्न वर्गलाई श्रम शेयर र सहुलियत शेयर मार्फत सम्बोधन गर्ने प्रयासको थालनी गरिएको छ।

**"नेपालको पानी, जनताको लगानी"** कार्यक्रमको सफलता र उच्चतम उपलब्धिका लागि सवै क्षेत्र र तहवाट सक्दो समर्थन र सहयोगका साथ राष्ट्र निर्माणमा एकजुट बनौं ।

जनार्दन शर्मा (प्रभाकर)
उर्जा मन्त्री